नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन: प्र.जि.अ. ०८९-४२०११२
९८५८०१७७७७
स.प्र.जि.अ. ०८९-४२०१२६
९८५८०४०१२६
इमेल : daodailekh63@gmail.com
वेबसाइट : daodailekh.moha.gov.np

पत्र संख्याः-२०८१/०८२
च.नं.:-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

मितिः- २०८२/०१/२८
ने.सं ११४५, बछलाथ्व ११ आइतबार

## मेला-महोत्सव सञ्चालन सम्बन्धी जरुरी सूचना !!!

जिल्ला तथा स्थानियस्तरको धर्म, संस्कृति, उद्योग, व्यापार, कृषि, पर्यटन लगायतको क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न संघसंस्था/निकाय आदिको आयोजनामा मेला, महोत्सव, जात्राहरु संञ्चालन गर्ने गरेको पाइन्छ । यस्ता मेला, महोत्सव, जात्राहरु सञ्चालन गर्दा शान्ति सुव्यवस्थामा असर नपार्ने, धार्मिक तथा साम्प्रदायिक सद्भावमा खलल नपुऱ्याउने, मानव अधिकारको हनन नहुने तथा स्थानीय धर्म, संस्कृति, कला, उद्योग, व्यापार, कृषि, पर्यटन आदिको प्रवर्द्धन हुने किसिमले सकेसम्म स्थानियस्तरमा उत्पादित सामाग्रीको स्टल राखे तथा प्रचलित कानुनले निषेध गरेका कार्य नगर्ने गरी सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्रै संञ्चालन गर्न/गराउन एंव अनुमतिमा तोकिएका शर्तहरु पूर्ण रुपमा पालना गर्न/गराउन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मेला, महोत्सवबाट हुने लाभको विश्लेषण गरी स्थानीय प्रशासन र सुरक्षा निकाहरुसँग समन्वय गरेर मात्र सिफारिस गरिदिन हुन जिल्लास्थित सम्पूर्ण स्थानीय तहहरुलाई अनुरोध छ ।

..................................
(बद्रीनाथ गैहे)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी